टोलफ्री नं.: ०६६०८१५२०५२
फोन नं. : ०८१-५२०१५१
इमेल :nepalgunjmun@gmail.com

# नेपालगंज उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.सं.०७९।०८० (पशुसेवा शाखा)
च.न.

मिति : २०७९।१२।०६

### प्रथम पटक सूचना प्रकाशन मिति २०७९।१२।०७

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०७९।८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०७९" बमोजिम देहायको कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक/समुह/समिति/सहकारी/संघ/कम्पनी/फार्म/निजी उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७९।१२।२१ गते) सम्म कार्यालय समय भित्र तपसिलका कागजातहरु सहित यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावनाहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम | कार्यक्रम लागू हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | साझेदारिमा मासु चिस्यान केन्द्र निर्माण | १(एक) | २५,५०,०००। | नेपालगञ्ज उप-महानगरपालिका भित्र । | |

**आवश्यक कागजातहरु**

१. अनुसूची-२ अनुरुपको संक्षिप्त कार्ययोजना ।
२. अनुसूची-३ बमोजिमको निवेदन ।
३. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।
४. आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको प्रमाणको प्रतिलिपि ।
५. कार्ययोजना अनुरुपको योग्यता,तालीम र अनुभव जनाउने कागजात ।
६. सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि ।
७. संघ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।
८. निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरुको हकमा स्पेसिफिकेशन प्रतिलिपि ।
९. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाले कार्य सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि ।
१०. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाको कार्य समितिका पदाधिकारीहरुको नामावली ।
११. यसै प्रकृतिको कार्यका लागि विगत २(दुई) वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र ।
१२. सम्बन्धित वडाको सिफारिस पत्र ।
१३. जग्गा/घर भाडाको हकमा कम्तिमा १० वर्षको सम्झौतापत्र ।

२०७९।१२।६
शिव प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

आवेदकहरुले निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेवसाइटबाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सक्नेछन् । थप जानकारीका लागि पशुसेवा शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा :- कार्यालयको वेबसाईटमा राखिदिनुहुन ।